# मकवानपुर जिल्ला अदालत
## हेटौंडा

email:-info.dcmakawanpur@supremecourt.gov.np
फोन नं. ०५७-५२४९७०

प.सं.-०७७/०७८ मितिः- २०७८/०१/१९
च.नं.-०१-

## सूचना ! सूचना ! ! सूचना ! ! !

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको रोकथाम र नियन्त्रणको सन्दर्भमा अदालतको कामकारवाही संकुचन तथा सेवा प्रवाहमा वैकल्पिक व्यवस्थापन गर्ने गरी यस अदालतको पूर्ण बैठकबाट मिति २०७८।०१।१९ मा निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. प्रहरी अनुसन्धानको क्रममा हिरासतमा रहेका व्यक्तिहरु, बालसुधार गृहमा रहेका कानूनका विवादमा परेका बालबालिकाहरु, कारागारमा थुनामा रहेका थुनुवाहरु सँग अनलाईन मार्फत सुनुवाईको प्रवन्ध यथावत राख्ने,

२. जिल्ला वार पदाधिकारीहरु र सरकारी वकिल ज्यूहरु सँग मिति २०७८।०१।१५ र १६ गते भएको virtual meeting मार्फत छलफल समेत भएकोले सोही आधारमा श्रव्य दृश्य (video conference) मार्फत बहस पैरवीको वैकल्पिक व्यवस्थापन गर्ने,

३. अनलाईनबाट बहस पैरवी तथा छलफलमा सहभागी हुने विधिः

- अनलाईन मार्फत बहस पैरवी तथा छलफलमा उपस्थित हुन चाहने कानून व्यवसायी वा पक्षहरुले सम्बन्धित इजलासको Messenger ID मा छलफल तथा पेशीको दिन ११ बजेभित्र खबर (Message) गर्नुपर्ने,
- उक्त खबर (Message) मा मुद्दा नं., आफ्नो नाम र Email Address पठाउनु पर्ने र प्राप्त खबर (Message) मा अनलाईन बस्नको लागि अदालतबाट समय तोकीएको जवाफ (Reply) प्राप्त गर्ने। साथै सोहि समयमा श्रव्य-दृश्य संवादको (video conference) लागि उपलब्ध Apps (**Google meet, Zoom, Messenger** आदि) मार्फत सम्बन्धित पक्षहरु सँग सम्पर्क गरी बहस पैरवी तथा छलफल सुचारु गर्ने,

४. कोभिड-१९ महामारीको अवस्था समेतको दृष्टिगत गरी सरोकारवालाहरु सँग यथासम्भव E-mail बाट सूचना आदान प्रदान गर्ने,

५. **जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट मिति २०७८।०१।१८ मा जारी भएको सूचनानुसार मिति २०७८।०१।१९ गते आईतबार राती १२:०० बजेदेखी २०७८।०१।३१ गते राती १२:०० बजेसम्म निषेधाज्ञा जारी भएको अवधिमा सजाय निर्धारण बाहेकका अन्य पेशी, तारेख दिने र बकपत्र गराउने सम्बन्धी कार्यहरु स्थगन हुने,**

६. निषेधाज्ञाको अवधिमा अदालतमा उपस्थित हुन नसक्ने पक्षहरुको म्याद र तारेखको हकमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८५, ८६ समेत बमोजिमका सुविधा प्राप्त हुने।

२०७८।०१।१९

अमृत घिमिरे

नि. स्रेस्तेदार